बालबालिका मध्ये २ जना बालक सामुदायिक विद्यालय र बाँकी १६ जना संस्थागत (निजी) विद्यालयको शिक्षकबाट पीडित रहेको पाइएको छ ।

**(ज) अपहरणः**

यस आर्थिक वर्षको अवधिमा १७ जना बालबालिकाको अपहरण गरेका घटनाहरू प्रकाशमा आएका छन् । सवैभन्दा बढी अन्तिम चौमासिकमा ७ बालबालिका अपहरणमा परेका देखिन्छ भने पहिलो चौमासिकमा ६ जना र दोस्रो चौमासिकमा ४ जना बालबालिका अपहरणमा परेका छन् । मध्ये २ जनाको अपहरणपछि हत्या गरिएको छ भने अन्य १४ जनाको अपहरण पश्चात अपहरण मुक्त गरिएको छ र एक जनाको अवस्था अज्ञात रहेको छ । उमेर समुहका आधारमा विश्लेषण गर्दा सबै भन्दा सानो ५ वर्षको बालकको अपहरण पश्चात हत्या गरिएको छ । उमेर समुहको आधारमा ४ जना बालबालिका १० वर्ष (१ जना बालिका) मुनीका थिए भने ११ वर्ष देखि १४ वर्षका ६ जना (१ जना बालिका) र सो भन्दा माथि ७ जना बालबालिका (३ जना बालिका) रहेका छन् । अपहरण भएका बालबालिका मध्ये ७० प्रतिशत बालक (१२ जना) तथा ३० प्रतिशत बालिका (५ जना) रहेका छन् । उक्त घटनाहरू मध्ये काठमाडौं उपत्यका भित्र ७ जना र उपत्यका बाहिर १० जना रहेका छन् ।

*"बालमैत्री शासनः बालअधिकारको सम्मान"*

**-समाप्त-**



# सञ्चार माध्यममा प्रकाशित बालबालिकासम्बन्धी विभिन्न घटनाहरूको विश्लेषण

**आ.व. २०७३/०७४**

नेपाल सरकार
**महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**
## केन्द्रीय बालकल्याण समिति
हरिहरभवन, ललितपुर
फोन नं.:- ०१-५०१००४५/४६
वेभ साईटः- www.ccwb.gov.np, ईमेलः crmccwb@gmail.com

# पृष्ठभूमि

केन्द्रीय बालकल्याण समितिले २०७२ सालदेखि विभिन्न सञ्चार माध्यमबाट प्रकाशमा आएका बालबालिकासम्बन्धी विभिन्न घटनालाई विश्लेषण गरी प्रतिवेदन प्रकाशन गर्दै आईरहेको विदितै छ । सूचना तथा प्रविधिमा आम व्यक्तिको पहुँचसंगै बालअधिकार हनन्का घटनाहरूलाई सञ्चार माध्यमले प्राथमिकता साथ उठान गर्नु सकारात्मक र स्वागतयोग्य पक्ष हो । तथापी भौगोलिक विकटता र सामाजिक परिवेशका कारण कतिपय घटनाहरू अझै ओझेलमानै रहेका हुनसक्छन् । घटनाहरू प्रकाशमा आएबाट सो को सम्बोधनका लागि सम्बन्धित पक्षको क्रियाशिलता बढाउन सहयोग पुग्ने देखिन्छ । बालबालिकासम्बन्धी घटनाहरू सञ्चार माध्यम लगायतबाट जानकारीमा आएको अवस्थामा केन्द्रीय बालकल्याण समितिले तत्काल सम्बोधन गर्नुका साथै बालबालिकाको संरक्षणका लागि सहयोग, सहजीकरण गर्दै आएको छ । यसैक्रममा गत आर्थिक वर्ष २०७३ को साउनदेखि २०७४ असार मसान्तसम्मका विभिन्न सञ्चारमाध्यममा प्रकाशित बालसंरक्षणसँग सम्बन्धित घटनाहरू समावेश गरी यो प्रतिवेदन तयार पारिएको छ । यस प्रतिवेदनमा समावेश घटनाहरू प्रकाशमा आएका, सम्पर्कमा आएका घटनाहरू मात्रै भएकाले यी नै सम्पूर्ण होईनन् । तथापी यसमा गरिएको विश्लेषणले केहि हदसम्म भएपनि नेपालमा बालसंरक्षणसम्बन्धी घटनाहरूको स्वरूप आँकलन गर्न सहयोग पुग्ने विश्वास गरिएको छ ।

## सञ्चार माध्यममा प्रकाशित घटनाहरूको विश्लेषण

गत आर्थिक वर्षको २०७३ साउनदेखि २०७४ असार मसान्तसम्म विभिन्न सञ्चार माध्यममा आएका बालअधिकार हनन्का घटनाहरूलाई समेटेर विश्लेषण गरिएको छ । सञ्चार माध्यम अन्तर्गत छापा र अनलाईन पोर्टलहरूलाई प्रमुख आधार बनाई यो प्रतिवेदन तयार पारिएको छ । यस अवधिमा अनुगमन गरिएका छापा माध्यम अन्तर्गत केन्द्रीयस्तरबाट प्रकाशन हुने दैनिकीहरूमा कान्तिपुर, अन्नपुर्ण पोष्ट,



मुनिको १२ प्रतिशत (३ जना), ११ देखि १४ वर्षको ५६ प्रतिशत (१४ जना) र १५ देखि १८ वर्षको ३२ प्रतिशत (८ जना) रहेका छन् ।

### (छ) शारीरिक सजाय

विद्यालय तथा उच्च माध्यमिक विद्यालयहरुमा बालबालिकालाई उनीहरुको शैक्षिक एवम् नैतिक पक्ष सुधार्नका लागि अनुशासन कायम गर्नु पर्दछ भन्ने सोचले बालबालिकालाई शारीरिक तथा मानसिक सजाय दिने गरेको पाइएको छ । विद्यालयमा बालमैत्री शिक्षण पद्दतिबाट अध्ययन⁄अध्यापन गराईने उद्देश्यले शिक्षा मन्त्रालय⁄विभागबाट आवश्यक नीति तथा निर्देशिकाहरू जारी भएतापनि विद्यालयका शिक्षक तथा कर्मचारीहरू बालअधिकारको सवालमा संवेदनशील नभएको कारण उनीहरुबाट बालबालिका शारीरिक तथा मानसिक सजायका पीडित हुन पुगेका घटनाहरु प्रकाशमा आउने गरेका छन् ।


यस अवधिमा विभिन्न सञ्चार माध्यममा १८ वटा घटनाहरु प्रकाशमा आएका छन् । सबैभन्दा बढी दोस्रो चौमासिकको अवधिमा ११ जना बालबालिका शारीरिक सजायबाट पीडित भएका छन् भने प्रथम चौमासिक अवधिमा ४ जना र अन्तिम चौमासिकमा ३ जना बालबालिका शारीरिक सजायबाट पीडित भएका छन् । जसमध्ये पाल्पा जिल्लामा गम्भीर प्रकारको सजाय पाएका २ जना बालक रहेको पाइएको छ । समग्र घटना हेर्दा ८३ प्रतिशत (१५ जना) बालक र १७ प्रतिशत (३ जना) बालिका रहेका छन् । विद्यालयमा दिईने शारीरिक दण्ड सजाय कार्यमा सम्लग्न शिक्षकको लैङ्गिक प्रतिशत हेर्दा १६ प्रतिशत (३ जनालाई) महिला शिक्षकबाट बालबालिकाले सजाय पाएको देखिन्छ भने पुरूष शिक्षकबाट ८४ प्रतिशत (१५ जना) बालबालिका पीडित भएका छन् ।

विद्यालयका प्रधानाध्यापकबाट गम्भीर सजाय पाएका एक जनालाई टाउकोमा चोट लागि बेहोश भएपछि अस्पताल भर्ना गर्नुपरेको तथा अन्य दुईजनालाई शिक्षकले शरीरमा निलडाम हुनेगरी पिटेको घटना बाहिर आएको छ । यी घटनाहरूलाई अध्ययन गर्दा सामुदायिक तथा निजी विद्यालय दुवैमा शारीरिक सजाय दिने गरेको पाइएको छ । यस अवधिमा काठमाडौं र पाल्पा जिल्लामा बालबालिकालाई सजाय दिएको समाचार प्रकाशमा आएका छन् । यस अवधिमा शारीरिक सजाय पाएका

गराएका छन् भने अन्तिम चौमासिकमा १० जना र दोस्रो चौमासिकमा ८ जना बालिकाले गर्भपतन् गराएका छन् । विश्व स्वास्थ्य संगठनले गर्भपतन गर्ने तोकेको समयावधि भित्र अर्थात सुरक्षित गर्भपतन ५६ प्रतिशत (१७ जना) र उक्त अवधि वाहेक असुरक्षित गर्भपतन गराउने बालिका ३४ प्रतिशत (१३ जना) रहेका छन् । यसैगरी १५ वर्षमुनिका २७ प्रतिशत (८ जना) र १६ देखि १८ वर्ष सम्मका ७३ प्रतिशत (२२ जना) बालिकाले गर्भपतन गराएका छन् । डोटी जिल्लाको जिल्ला स्वास्थ्य कार्यालयका अनुसार आ.व. २०७३/७४ को साउनदेखि बैसाख महिनासम्म २० वर्षभन्दा कम उमेर समूहका ४७ जनाले गर्भपतन गराएका छन् ।

### (च) बालश्रम:

नेपाल सरकारद्वारा बालश्रममुक्त समाज निर्माणका लागि विभिन्न ऐन कानूनको व्यवस्थाका साथै अनुगमन तथा नियमनमा जोड दिएको छ । बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ ले बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन निषेध गरेको छ । १४ वर्ष उमेर नपुगेका बालबालिकालाई भने कुनैपनि स्वरूपमा श्रमिकका रूपमा काममा लगाउन नहुने व्यवस्था गरेको छ ।




यस आर्थिक वर्षमा बालश्रमसम्बन्धी २५ वटा घटनाहरू सञ्चार माध्यममा आएका छन् । उक्त अवधिको अन्तिम चौमासिकमा सबैभन्दा बढी १३ जना बालबालिकालाई बालश्रमिकको रूपमा प्रयोग गरिएको छ भने दोस्रो चौमासिकमा ८ जना र पहिलो चौमासिकमा  ४ जना बालबालिकालाई बालश्रममा प्रयोग गरिएको छ ।

बालबालिकालाई श्रममा प्रयोग गरिएको प्रकृतिलाई हेर्दा घरेलु तथा होटलमा श्रमिकको रूपमा सबैभन्दा बढी ५६ प्रतिशत (१४ जना) रहेको छ भने ईट्टा उद्योगमा ३६ प्रतिशत (९ जना) र सुपारी तस्करीको रूपमा ८ प्रतिशत (२ जना) रहेका छन् । बालश्रमिकको रूपमा प्रयोग गरिएका बालबालिकामा बालक ४४ प्रतिशत (११ जना) र बालिका ५६ प्रतिशत (१४ जना) रहेका छन् । उमेर समुहका आधारमा १० वर्ष




नागरिक, नयाँ पत्रिका, द हिमालयन टाईम्स, द काठमाडौं पोष्ट र कारोबार रहेका छन् भने अनलाईन पोर्टलहरूमा अनलाईन खबर, उज्यालो अनलाईन, रातोपाटी, सेतोपाटी, जनता खबर, लोकान्तर, ई-कान्तिपुर, नागरिक न्युज, एजुकेशन खबर, सिआईएन नेटवर्क रहेका छन् । यस आ.व.को अवधिमा सञ्चार माध्यममा प्रकाशित बालअधिकार हनन्का विभिन्न घटना र प्रभावित बालबालिकाको संख्यालाई समेट्ने प्रयास गरिएको छ ।

### (१) घटना संख्या र बालबालिका


यस आ.व. २०७३ साउनदेखि २०७४ असारसम्ममा सञ्चारमाध्यमबाट प्रकाशमा आएका यस्ता विभिन्न घटनाहरूलाई संकलन गरी बालअधिकार हनन्का २ सय ५१ वटा घटनाहरूलाई विश्लेषण गरिएको छ । उक्त घटनाहरूमा ४ सय १२ जना बालबालिका प्रभावित भएका छन् । सबैभन्दा बढी यस आ.व.को अन्तिम अवधि (

| अवधि | **घटना संख्या** | **प्रभावित बालबालिका** |
|---|---|---|
| साउनदेखि कार्तिक | ८७ | १२६ |
| मंसिरदेखि फागुन | ७२ | ११७ |
| चैतदेखि असार | ९२ | १६९ |
| जम्मा | २५१ | ४१२ |

२०७३ चैतदेखि असार मसान्तसम्म) मा ९२ वटा घटनाहरूमा १ सय ६९ जना बालबालिका पीडित भएका छन् ।




त्यसैगरी २०७३ को साउनदेखि कार्तिक महिनासम्म ८७ वटा घटनाहरूमा १ सय २६ जना बालबालिका तथा २०७३ मंसिरदेखि फागुनसम्म ७२ वटा घटनामा ११७ बालबालिका प्रभावित भएका छन् । ४ सय १२ जना पीडित बालबालिका मध्ये ३० प्रतिशत (१ सय ७२ जना) बालक र ७० प्रतिशत (२ सय ४० जना) बालिका रहेका छन् ।




**(२) घटनाको प्रकृतिः**

प्रकृतिका आधारमा २ सय ५१ वटा घटनाहरूबाट प्रभावित ४ सय १२ जना बालबालिकालाई विभिन्न नौ वटा समुहमा वर्गिकरण गरिएको छ । जस अन्तर्गत बलात्कार, मृत्यु/हत्या, आत्महत्या, बालविवाह, बालश्रम, कुपोषण, गर्भपतन, शारीरिक दण्ड सजाय, ओसारपसार र अपहरण रहेका छन् ।




यस आ.व. २०७३/७४ मा ४ सय १२ बालबालिका पीडित भएका छन् । जसमध्ये सबैभन्दा बढी बलात्कारको घटनाबाट २३ प्रतिशत (९६ जना) बालिका पीडित भएका छन् । त्यसैगरी बालविवाह १६ प्रतिशत (६६ जना), आत्महत्या १६ प्रतिशत (६४ जना) मृत्यु तथा हत्या १२ प्रतिशत (४९ जना), कुपोषण १२ प्रतिशत (४७ जना), गर्भपतन ७ प्रतिशत (३०जना), बालश्रम ६ प्रतिशत (२५ जना), र शारीरिक दण्ड तथा सजाय ४ प्रतिशत (१८ जना) रहेका छन् ।



धनुषा, महोत्तरी, रौतहट, मोरङ, सिरहा गरी ३८ जिल्लामा बालविवाह भएका घटना प्रकाशमा आएका छन् ।

**(घ) कुपोषणः**

बालबालिकाको पोषणस्थिति सुधारका लागि सरकार र विकासका साझेदारहरू लामो समयदेखि प्रयासरहत रहेका छन् । कुपोषण न्यूनीकरणका लागि गरिएको प्रयासस्वरूप केहि सुधार हुँदै आएको विभिन्न सर्वेक्षणबाट देखिन्छ । विभिन्न सञ्चार माध्यममा यस आर्थिक वर्षको अवधिमा कुपोषणसम्बन्धी ४७ वटा घटनाहरू प्रकाशमा आएका छन् । ती घटनाहरूमा तेस्रो चौमासिक सबैभन्दा बढी ४६ प्रतिशत (१४ जना बालिका) कुपोषित बालबालिकाको घटना जानकारीमा आएको छ । त्यसैगरी प्रथम चौमासिकमा ४३ प्रतिशत जना (१२ जना बालिका) र दोस्रो चौमासिकमा ११ प्रतिशत (४ बालिका) बालबालिका कुपोषणबाट ग्रस्त भएको समाचार प्रकाशनमा आएको छ ।

कुपोषणका घटनाहरूलाई हेर्ने हो भने बालिकामा धेरै कुपोषण भएको देखिन्छ । बालिकामा देखिएको कुपोषणका घटना ६४ प्रतिशत (३० जना) र बालकमा देखिएको कुपोषणको घटना ३६ प्रतिशत (१७ जना) रहेको छ ।


उमेर समूह अनुसार हेर्ने हो भने १० वर्षमुनिका बालिकामा बढी कुपोषण (५८ प्रतिशत) देखिएको छ । जिल्लागत आधारमा कुपोषण भएका जिल्लाहरूः हुम्ला, दोलखा, बारा, चितवन (चेपाङ बस्तीमा), मकवानपुर (चेपाङ बस्तीमा), कालिकोट, मुगु, बाजुरा, बझाङ, अछाम, रौतहट, महोत्तरी र रोल्पा रहेका छन् । प्रायः यी जिल्लाहरू मानव विकास सुचकांकमा पनि पछाडि परेका देखिन्छन् ।

**(ङ) गर्भपतनः**

१८ वर्षभन्दा कम उमेरमा गराउने गर्भपतन बालविवाहसँग पनि जोडिन्छ । उमेर नपुगेरै विवाह गरेको कारण बालिकाहरूको स्वास्थ्यस्थितिमा समस्या देखापर्न गई गर्भपतन गर्नु परेको पाईएको छ । विभिन्न सञ्चार माध्यममा प्रकाशित घटना अनुसार ३० जना बालिकाले यस अवधिमा गर्भपतन गराएका छन् । यस आर्थिक वर्षको अवधिमा प्रथम चौमासिकमा सबैभन्दा बढी १२ जना बालिकाले गर्भपतन

## (ग) बालविवाहः

सुचना र प्रविधिको विकाससँगै पछिल्लो समय उमेर नपुग्दै विवाह गर्ने स्वरूपमा परिवर्तन आएको देखिन्छ । विगतमा मागी बालविवाह हुने गरेकोमा हाल भागी बालविवाहका घटनाहरू बढदै छन् । नेपाल सरकारले बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ लागु गरी सो सम्बन्धी विविध कार्यक्रम सञ्चालनमा ल्याएको छ । यद्यपि विभिन्न प्रयासहरूका बावजुदपनि बालविवाहका घटनाहरूमा कमी आएको देखिदैन । तर यस्ता घटनाहरू औपचारिकरूपमा प्रकाशमा आउने एवम् कानूनी प्रक्रियामा भने अत्यन्त न्यून रूपमा मात्रै जाने गरेको पाईन्छ ।




यस आर्थिक वर्षको अवधिमा विभिन्न जिल्लामा ६६ वटा बालविवाह भएका घटनाहरू प्रकाशमा आएका छन् । जस अन्तर्गत प्रथम चौमासिकको अवधिमा १६ जना बालबालिका, दोस्रो चौमासिकमा १८ जना बालबालिका र तेस्रो चौमासिकमा ३२ जना बालबालिकाले बालविवाह गरेका छन् । बालविवाहका घटनाहरूको वर्गिकरण गर्दा बालक र बालिका दुबैले उमेर नपुग्दै विवाह गरेको घटना सबै भन्दा बढी पाईएको छ । जस अन्तर्गत सबैभन्दा बढी ७० प्रतिशत अर्थात २३ जोडी बालबालिकाले (४६ जना) बालबालिकासँगै विवाह गरेका छन् । त्यसैगरी बालिका र वयस्क पुरूषबीच २३ प्रतिशत (१५ जना) विवाह भएको छ भने ७ प्रतिशत (५ जना) अनमेल (बृद्धसँग) विवाह भएको छ ।

बालविवाहका घटनाहरूमध्ये अभिभावकद्वारा गराईएको विवाह ५२ प्रतिशत (३४ जना) र भागी विवाह ४८ प्रतिशत (३२ जना) रहेको छ । बालविवाहका घटनाहरूलाई जिल्लागत रूपमा हेर्दा कर्णाली क्षेत्रका जिल्लाहरू र तराईका जिल्लाहरूमा बढी बालविवाह हुने गरेको देखिन्छ । दार्चुला, बैतडी, कन्चनपुर, अछाम, बझाङ, बाजुरा, डोटी, कैलाली, हुम्ला, कालिकोट, जुम्ला, मुगु, डोल्पा, दैलेख, सुर्खेत, रूकुम, रोल्पा, जाजरकोट, बर्दिया, बाँके, दाङ, सल्यान, प्यूठान, कपिलवस्तु, रूपेन्देही, नवलपरासी, स्याङजा, म्याग्दी, गोरखा, चितवन, पर्सा, सुनसरी, सप्तरी,




## (क) बालयौन दुर्व्यवहार र बलात्कार

यस अवधिमा भित्र विभिन्न सञ्चार माध्यममा ९६ जना बालिका बलात्कार भएका घटनाहरू प्रकाशमा आएका छन् । आर्थिक वर्षलाई तिनवटा चौमासिक खण्डमा तुलना गर्दा सबैभन्दा बढी अन्तिम चौमासिकमा ५० प्रतिशत (४८ जना) बालिका बलात्कार भएका छन् भने दोस्रो चौमासिक ३० प्रतिशत (२८ जना) र प्रथम चौमासिकमा २० प्रतिशत (२० जना) बालिका बलात्कार भएका छन् । यस अवधिमा बालबालिकामाथि हुने यौन दुर्व्यवहारको पराकाष्ठाका रुपमा बलात्कारका घटनाहरूमध्ये सामूहिक बलात्कारबाट २४ प्रतिशत (२२ जना) बालिका पीडित भएको समाचार प्रकाशमा आएका छन् । उमेर समूहको आधारमा सबैभन्दा सानो १५ महिने बालिका बलात्कार भएको पाइएको छ, यसैगरी सबैभन्दा बढी संख्यामा १० देखि १७ वर्ष उमेरका ५५ प्रतिशत (५२ जना), ५ देखि १० वर्ष उमेरका ३३ प्रतिशत (३३ जना) तथा ५ वर्षभन्दा मुनिका १२ प्रतिशत (११ जना) बालिका बलात्कृत भएका छन् भने उमेर नखुलेका ६ प्रतिशत रहेको छ । यस्ता घटनाहरू ४६ जिल्लामा घटेको देखिएको छ ।

**पीडितहरूको जिल्लागत विवरणः**

| | |
|---|---|
| सिन्धुली | ७ |
| झापा, दोलखा र भक्तपुरमा ५/५ जना बालिका | १५ |
| सप्तरी | ४ |
| काठमाडौं, धादिङ, नवलपरासी, लमजुङ, जाजरकोट, धनुसा र रौतहटमा ३/३ जना बालिका | २१ |
| पाँचथर, कैलाली, उदयपुर, चितवन, कन्चनपुर, खोटाङ, उदयपुर ताप्लेजुङ ललितपुर नुवाकोट कास्की धनुषा मुस्ताङ, पर्सा, बारामा २/२ जना बालिका | ३० |
| रूकुम, बाग्लुङ, रामेछाप, महोत्तरी, सिराहा, मोरङ, काभ्रे, रूपन्देही, ईलाम, सूर्खेत, बाँके, बझाङ, दाङ, पाल्पा, बैतडी, सोलुखुम्बु, संखुवासभा, सुनसरी, र रोल्पामा १/१ जना बालिका | १९ |
| **जम्मा** | **९६** |

सो घटनाहरूलाई विश्लेषण गर्दा बालिकाहरूमध्ये सबैभन्दा बढी छिमेकीबाट ४५ प्रतिशत (४३ जना) बलात्कार भएका छन् । त्यसैगरी चिनजानको व्यक्तिबाट २९ प्रतिशत (२८ जना), आफ्नै बुबाबाट १३ प्रतिशत (१२ जना), शिक्षकबाट ७ प्रतिशत (७ जना) र घरेलु श्रमिकलाई मालिकबाट ६ प्रतिशत (६ जना) बालिका बलात्कार भएका छन् ।





९६ जना बालिका पीडित भएका घटनाहरूमा पीडकका रूपमा १ सय २१ जना व्यक्तिहरू रहेका देखिएको छ । जसमध्ये १८ वर्ष मुनिका ३४.७ प्रतिशत (४२ जना) बालक बलात्कारमा सम्लग्न भएको देखिन्छ । यस अवधिमा ९ जना बालकले मोबाइलमा अश्लिल सामग्री देखाएर बालिकालाई बलात्कार गरेको घटना समेत पाईएको छ ।

## (ख) मृत्यु

### १ . हत्या र दुर्घटनाः

यस आ.व.को अवधिमा विभिन्न कारणले गर्दा ४९ जना बालबालिकाको मृत्यु भएको घटना प्रकाशमा आएका छन् । महिनाको आधारमा हेर्दा सबैभन्दा बढी अन्तिम चौमासिकमा ३० जना बालबालिकाको मृत्यु भएको देखिन्छ भने दोस्रो चौमासिकमा १३ जना र पहिलो चौमासिकमा ६ जनाको मृत्यु भएको छ ।





मृत्यु भएका ४९ जना बालबालिकामध्ये मध्ये ५९ प्रतिशत (२९ जना) बालबालिकाको हत्या भएको छ भने ४१ प्रतिशत (२० जना) बालबालिकाको सडक



दुर्घटनाबाट मृत्यु भएको देखिन्छ । लैङ्गिकरूपमा हेर्दा ५५ प्रतिशत (२७ जना) बालक र ४५ प्रतिशत (२२ जना) बालिकाको मृत्यु भएको छ । उमेर समुहको आधारमा विश्लेषण गर्दा ५ वर्ष सम्मको १० प्रतिशत (५ जना), ६ देखि १० वर्षको ३७ प्रतिशत (१८ जना) र ११ देखि १८ वर्षको ५३ प्रतिशत (२६ जना) बालबालिकाको मृत्यु (हत्या र सडक दुर्घटना) भएको देखिन्छ ।

### २ . आत्महत्याः

जिल्ला बालकल्याण समिति तथा विभिन्न सञ्चार माध्यमबाट प्राप्त विवरण अनुसार यस आर्थिक वर्षको अवधिमा ६४ जना बालबालिकाको आत्महत्याका घटनाहरू जानकारीमा आएका छन् । बालबालिकाले अशिक्षा, गरिबी, पढाईमा असफलता, मानसिक तनाव, निराशा, आवेश वा आक्रोश आदि विविध कारणहरूले आत्महत्या गरेको जानकारीमा आएको छ । यस आर्थिक वर्षको प्रथम चौमासिकमा सबैभन्दा बढी ३८ जना बालबालिकाले (२९ जना बालिका) आत्महत्या गरेको पाइएको छ । त्यसैगरी दोस्रो चौमासिकमा २२ जना बालिबालिका (११ जना बालिका) र तेस्रो चौमासिकमा ४ जना बालबालिका (१ जना बालिका) ले आत्महत्या गरेको देखिन्छ ।




लैङ्गिकरूपमा विश्लेषण गर्दा आत्महत्या गर्नेमा बालिका बढी रहेको पाईन्छ । जसमा बालक ३६ प्रतिशत (२३ जना) र बालिका ६४ प्रतिशत (४१ जना) रहेका छन् । जिल्लागत रूपमा हेर्दा सिरहा, पर्सा, झापा, ताप्लेजुङ, रूकुम संखुवासवा, बागलुङमा र गोरखा लगायतका जिल्ला रहेका छन् । जसमा ११ देखि १४ वर्ष उमेर समूहका ९ बालिका र ४ बालक गरी १३ जना (२० प्रतिशत) बालबालिका, १५ देखि १६ वर्ष उमेर समूहका १४ बालिका र ९ बालक गरी २३ जना (३६ प्रतिशत) बालबालिका र १७ देखि १८ वर्ष उमेर समूहका १८ बालिका र १० बालक गरी जम्मा २८ जना (४४ प्रतिशत) गरी ६४ जना बालबालिकाले आत्महत्या गरेको देखिन्छ । आत्महत्या गर्ने ती बालबालिकाहरू मध्ये एक जना बालकले मोबाइलमा फिल्म हेरेर त्यसबाट प्रभावित भई आत्महत्या गरेको पनि बताइएको छ ।